नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

बर्दिया, गुलरिया

प.सं.: ०८२/०८३
च.नं.:/

मितिः २०८३/०२/२९
ने.सं.११४६ अनालागा

## सवारी साधन लिलाम सम्बन्धी सूचना !

मितिः २०८३/०२/२९(प्रथम पटक)

बिभिन्न फौजदारी मुद्दाहरुमा अभियोग साथ दशीको रुपमा पेश भएका कसुरजन्य सम्पत्ती तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० र सोको नियमावली, २०७७ ले निर्दिष्ट गरे बमोजिम जफत ठहर भएका विभिन्न नाम र कम्पनीका सामाग्रीहरु, चारपाङ्ग्रे सवारी साधन तथा मोटरसाईकलहरु कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० को २० बमोजिम लिलाल बिक्रीका लागि यो सूचना प्रकाशित गरिएको छ । यी सवारी साधन जे जस्तो अवस्थामा छन् सोही अवस्थामा यस कार्यालयले गोप्य सिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गर्ने भएकोले नेपाली नागरिक ब्यक्ती, फर्म वा संघ संस्थाले यो सूचना प्रकाशित भएको मितिले २१(एक्काईस) दिन भित्र निम्न शर्तको अधिनमा रही आफूले कबोल गरेको रकमको न्यूनतम १०(दश) प्रतिशतले हुँने रकम **श्री राष्ट्रिय बाणिज्य बैङ्क गुलरिया शाखा बर्दियामा** रहेको **श्री कोष तथा लेखा नियन्त्रक कार्यालयको धरौटी** खाता नं. ४१४०१००१०२०३०००० कार्यालय कोड ३१४९२५८०३ मा जम्मा गरी सोको सक्कल भौचर सिलबन्दी बोलपत्र फारम साथ पेश गर्नु पर्ने छ । अन्य ब्यहोरा बुझ्नु पर्ने भएमा कार्यालयमा आएर बुझ्न सकिने छ।

तपसिलः

| क्र. सं. | लिलाम बिक्री सूचना नं. | लिलाम विक्री गर्नुपर्ने सामाग्री | मोडेल | परिमाण | जम्मा प्राप्ति मूल्य रु | मूल्याङ्कन गरिएको मूल्य | बोलपत्र फारम दस्तुर (फिर्ता नहुने गरी) | कै. |
|---|---|---|---|---|---|---|---|---|
| १. | १-२०८२/८३ | **16 Port Vid Device** | - | १ | नखुलेको | १०० | ३००/- | |
| | | **Voip Server Wi-Fi 16 Port Voip Device** | - | १ | " | १०० | | |
| | | **Y-Max** | - | १ | " | १०० | | |
| | | **GSM Antina** | - | १८ | " | ८१५ | | |
| | | **Antina** | - | १० | " | ३५० | | |
| | | रातोकालो रङ्गको तार/ | - | १ | " | ५१ | | |
| | | पानासोनिक टेलिफोन | - | १ | " | ६० | | |
| | | **Tp Link Router** | - | १ | " | ६५ | | |
| | | पेनड्राइभ | - | १ | " | ४० | | |
| | | मोवाईल | - | २ | " | १,५०० | | |
| २. | २-२०८२/८३ | **भे.12प.5642TVS RTR160 मो.सा.**<br>Eng. No.: AE8DN2903263<br>CHE.NO.: MD634AE85N2B02701<br>Colour: wHITE | २०२२ | १ | " | ८५,५०० | ३००/- | |
| ३. | ३-२०८२/८३ | **भे.8प. 2727 Pulsor220 Pulsor**<br>Eng. No.:DKYCJB40520<br>CHE.NO.:MD2A13EY4JCB40860<br>Colour:Red/Black | २०१८ | १ | " | ५६,००० | ३००/- | |
| ४. | ४-२०८२/८३ | **भे.3प.2696 Pulsor150**<br>Eng. No.: DHGBTK56365<br>CHE.NO.:MD2DHDHZZTCK72432<br>Colour:Blue | २०१० | १ | " | १२,२५७ | ३००/- | |
| ५. | ५-२०८२/८३ | **UP40AK1556 Super Splender**<br>Eng. No.: JA053GK9B24592<br>CHE.NO.: MBLJAR03XK9B40008<br>Colour: Black | २०१९ | १ | " | २९,९८० | ३००/- | |
| ६. | ६-२०८२/८३ | रातो रङ्गको लेडिज साईकल | - | १ | " | ५५० | ३००/- | |

गगन बहादुर हमाल
प्रमुख जिल्ला अधिकारी

शर्तहरुः

१. गोप्य सिलबन्दी बोलपत्र फारम तोकिएको दस्तुर तिरी (पछि फिर्ता नहुँने गरी) यस कार्यालयको जिन्सी शाखामा सूचना प्रकाशित भएको मितिले २१औं दिनसम्म कार्यालय समय भित्र खरिद गर्न सकिने छ । साथै बोलपत्र खरिद गर्दाकै अवस्थामा प्राकृतिक ब्यक्तीको हकमा नेपाली नागरिकताको प्रतिलिपी पेश गर्नु पर्ने छ ।

२. बोलपत्र सूचनाको लिलाम बिक्री सूचना नं., मिति, सवारी साधनको बिवरण, इन्जिन नं., चेचिस नं., र अन्य सामाग्रीको हकमा मोडेल तथा जिन्सी नम्बर, बोलपत्र दाताको नामथर, ठेगानाको बिवरण, आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्टरुपमा उल्लेख गर्नु पर्ने छ । सच्याईएको वा केरमेट गरेमा सो स्थानमा बोलपत्र दाताको अनिवार्य दस्तखत हुँनुपर्ने छ । साथै अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिईनेछ।

३. बोलपत्र पेश गर्दा बोलपत्र फारमको बिवरण भरी बैङ्क दाखिला गरेको धरौटी भौचरको सक्कल समेत खाम भित्र राखी खाम बाहिर गोप्य बोलपत्र सूचनाको लि.बि.सू.नं., मिति, बोलपत्रदाताको नामथर, ठेगाना, सम्पर्क नं. खुलाउनु पर्ने छ र प्रत्येक लि.बि.सू.नं. को सवारी साधनको लागि छुट्टा-छुट्टै सिलबन्दी बोलपत्र फारम दाखिला गर्नु पर्ने छ ।

४. बोलपत्र दाताले जसको नाममा बोलपत्र फारम खरिद गरेको छ सोही नामबाट बोलपत्र पेश गर्नु पर्ने छ । यस कार्यालयबाट बिक्री गरेको सक्कल बोलपत्र फारममा मात्र बोलपत्र भर्नु पर्ने छ । साथै प्रचलित कानून बमोजिम रित नपुगी पेश भएको, कार्यालय समय भित्र पेश नभएको वा कुनै पनि शर्त राखी पेश भएको बोलपत्र मान्य हुँने छैन ।

५. खरिद गरिएका बोलपत्र फारम सूचना प्रकाशित भएको मितिले २२औं दिनको अपरान्ह १२.०० वजेसम्म यस कार्यालयको जिन्सी शाखामा दर्ता(सो दिन सार्वजनिक बिदा परेमा लगतै कार्यालय खुलेको दिन सोही समयमा) गरि सक्नु पर्नेछ । दर्ता भएको बोलपत्र सोही दिन दिउँसो २.०० बजे बोलपत्रदाता र अन्य कार्यालय प्रतिनिधीको रोहबरमा जिल्ला प्रशासन कार्यालय, बर्दियामा खोलिने छ। निर्धारित समयमा बोलपत्रदाता अनुपस्थित भएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

६. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

७. बोलपत्र स्वीकृत भएको जानकारी यस कार्यालयको सूचना पाटीमा प्रकाशित गरी जानकारी गराईने छ । बोलपत्र स्वीकृती भएको मितिले ७(सात) दिन भित्र आफूले कबोल गरेको सवारी साधनको मूल्य र प्रचलित कानून अनुसार लाग्ने कर समेत बुझाई उठाई लैजानु पर्ने छ।

८. बोल कबोल गरेको सबै भन्दा बढी अंक स्वीकृत भएपछि कबोल गर्नेले ७(सात) दिन भित्र आफुले कबोल गरेको साधन उठाई नलगेमा न्यूनतम मूल्य बढी कबोल गर्ने क्रमशः दोस्रो, तेस्रो र चौथो घटीवालाको कबोल अंक स्वीकृत गर्दा पनि लिलाम हुन नसकेमा धरौटी रकम जफत गरी पुनः लिलामको कारबाही अगाडि बढाईने छ ।

९. लिलामबाट सकार गरेको सवारी साधनको प्रचलित ऐन, नियमानुसार दर्ता गराउने कार्य निज लिलाम सकारकर्ता नै हुनेछ।

१०. यातायात कार्यालयमा दर्ता नहुने गरी पत्रु स्क्याप (कवाडी)मा लिलाम विक्रि गरिएका सवारी साधनहरु लिलाम सकारकर्तावालाले आफ्नै खर्चमा कार्यालयको परिसर भित्रै इन्जिन नम्बर, चेसिस नम्बर रद्द गरी टुक्रा पारी कवाडी रुपमा उक्त सवारी साधन उठाई लैजानु पर्नेछ।

११. ईच्छुक व्यक्तिले सवारी साधन हेर्न चाहेमा कार्यालय समयमा यस कार्यालयको जिन्सी शाखामा सम्पर्क गरी हेर्न तथा बुझ्न सकिने छ। यसमा उल्लेख भए बाहेक अन्य बिषयहरु प्रचलित ऐन, कानून बमोजिम हुनेछन् । साथै यो सूचना जिल्ला प्रशासन कार्यालय, बर्दियाको वैवसाइटमा समेत हेर्न सकिनेछ।